आज मिति २०८१ साल भदौ २५ गते मंगलबार यस हेटौडा उपमहानगरपालिका नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री मिना कुमारी लामाज्यूको अध्यक्षतामा देहाय बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिम निर्णय गरियो ।

| उपस्थिति | | | | |
|---|---|---|---|---|
| सि. नं. | नाम थर | पद | वडा | दस्तखत |
| १ | श्री मिना कुमारी लामा | नगर प्रमुख | | |
| २ | श्री राजेश बानिया | नगर उपप्रमुख | | |
| ३ | श्री सविन न्यौपाने | वडा अध्यक्ष | १ | |
| ४ | श्री विष्णु गोपाल महर्जन | वडा अध्यक्ष | २ | |
| ५ | श्री ढलक बहादुर थापा | वडा अध्यक्ष | ३ | |
| ६ | श्री नविन सिग्देल | वडा अध्यक्ष | ४ | |
| ७ | श्री सुशील घिमिरे | वडा अध्यक्ष | ५ | |
| ८ | श्री विष्णु बहादुर दहाल | वडा अध्यक्ष | ६ | |
| ९ | श्री दामोदर गौतम. | वडा अध्यक्ष | ७ | |
| १० | श्री राम कृष्ण थापा | वडा अध्यक्ष | ८ | |
| ११ | श्री सुकराम केसी | वडा अध्यक्ष | ९ | |
| १२ | श्री फूर्वा दोर्जे तमाङ्ग | वड़ा अध्यक्ष | १० | |
| १३ | श्री जुना दाहाल | वडा अध्यक्ष | ११ | |
| १४ | श्री ज्ञान बहादुर श्रेष्ठ | का.बा.वडा अध्यक्ष | १२ | |

| | | | | |
|---|---|---|---|---|
| १५ | श्री पेम्बा लामा | वडा अध्यक्ष | १३ | [signature] |
| १६ | श्री दिपक खड्का | वडा अध्यक्ष | १४ | [signature] |
| १७ | श्री सुनिल मुक्तान | वडा अध्यक्ष | १५ | [signature] |
| १८ | श्री रामकृष्ण कोइराला | वडा अध्यक्ष | १६ | [signature] |
| १९ | श्री उद्धब सत्याल | वडा अध्यक्ष | १७ | [signature] |
| २० | श्री अनिल कुमार बानिया | वडा अध्यक्ष | १८ | [signature] |
| २१ | श्री नरनाथ सुवेदी | वडा अध्यक्ष | १९ | |
| २२ | श्री अर्जुन बहादुर राई | कार्यपालिका सदस्य | | [signature] |
| २३ | श्री विर बहादुर विक | कार्यपालिका सदस्य | | [signature] |
| २४ | श्री शंकर राई | कार्यपालिका सदस्य | | [signature] |
| २५ | श्री पातली माया गोङ्वा | कार्यपालिका सदस्य | | पातली |
| २६ | श्री रुक्मिणी गोङ्वा | कार्यपालिका सदस्य | | [signature] |
| २७ | श्री साधना श्रेष्ठ | कार्यपालिका सदस्य | | साधना |
| २८ | श्री ईश्वरी विक | कार्यपालिका सदस्य | | ईश्वरी |
| २९ | श्री मञ्जु भुर्तेल | कार्यपालिका सदस्य | | मञ्जु |
| ३० | श्री सूर्य प्रसाद गौतम | सदस्य सचिव | | [signature] |

निर्णयहरु:

१) प्रस्ताव: प्रगति समिक्षा सम्बन्धमा।

निर्णय: अघिल्लो कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।

२) प्रस्ताव: विशेष नगरसभा सम्बन्धमा ।

निर्णय: बहुमत नगरसभा सदस्यबाट माग भएको विशेष नगरसभा बागमती प्रदेश सरकारबाट जारी भएको गाउँ/नगर/जिल्ला सभा सञ्चालन (कार्यविधि) ऐन, २०७५ को दफा ३ को उपदफा (३) बमोजिमको कानूनी व्यवस्था अनुसार मिति २०८१।०५।२८ गते अपरान्ह २ बजे उपमहानगरपालिकाको परिसरमा बस्ने ।

३) प्रस्ताव: कानून स्वीकृत सम्बन्धमा ।

निर्णय: हेटौंडा उपमहानगरपालिकालाई आवश्यक रहेका देहाय बमोजिमका कानून स्वीकृत गर्ने:

(क) हेटौंडा उपमहानगरपालिका कृषि एम्बुलेन्स सेवा सञ्चालन कार्यविधि, २०८१ ।

४) प्रस्ताव: जनशक्ति परिचालन सम्बन्धमा ।

निर्णय: हेटौंडा उपमहानगरपालिकालाई स्वच्छ र सफा सुहरको रुपमा परिचित गराउने अभियानमा सहयोग पुऱ्याउन हाल रहेको जनशक्तिबाट मात्र सम्भव हुने नदेखिएकोले चालू आर्थिक वर्षमा सरसफाईकर्मी (टिपनटापनकर्ता) को लागि रु.३० लाख बजेट विनियोजन भएको हुँदा बढीमा १६ (सोऱ्ह) जना जनशक्ति दैनिक ज्यालादारीमा व्यवस्थापन गर्ने ।

५) प्रस्ताव: सेवा समूह सम्बन्धमा ।

निर्णय: यस कार्यालयबाट च.नं. ८४०५ मिति २०८१/०२/०२ को पत्रबाट प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश, हेटौंडा समक्ष यस कार्यालयमा अधिकृत सातौं तहमा कार्यरत कर्मचारी श्री दुर्गा प्रसाद न्यौपानेको सेवा, समूह परिवर्तन सम्बन्धमा राय परामर्श माग गरेकोमा बागमती प्रदेश लोक सेवा आयोगको च.नं. ३२ मिति २०८१/०४/२२ को पत्रबाट बागमती प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ३६ को उपदफा (१), (२), (३) र (४) बमोजिमको प्रकृया पुरा भएको नदेखिंदा राय परामर्श प्रदान गर्न नसकिने र समूह परिवर्तन हुन नसक्ने व्यहोराको जानकारी प्राप्त भएकोले सोही बमोजिम गर्ने ।

६) प्रस्ताव: नियुक्ति तथा पदस्थापन सम्बन्धमा ।

निर्णय: मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, बागमती प्रदेश सरकारको च.नं. २१५ मिति २०८१।०४।२५ को पत्रानुसार यस उपमहानगरपालिकाको कार्यालयमा ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, अधिकृत नवौं तहमा बढुवा सिफारिस भई आउनु भएका देहाय बमोजिमका कर्मचारीहरुलाई स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा १७ को उपदफा (१) बमोजिम मिति २०८१।०३।२१ देखि जेष्ठता लागू हुने गरी स्थानीय ईन्जिनियरिङ्ग सेवा, सिभिल समूह, अधिकृत नवौं तह सि.डि.ई. पदमा बढुवा नियुक्ति दिई पदस्थापन गर्ने:

देहाय:

| सि.नं. | कर्मचारीको नाम थर | सेवा | समूह | पद/तह | कैफियत |
|---|---|---|---|---|---|
| १ | सत्यनारायण साह | ईन्जिनियरिङ्ग | सिभिल | सि.डि.ई./अधिकृत नवौं | |

प्रमाणीकरण गरियो !
दस्तखत: ...............
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ...............

७) प्रस्ताव: म्याद थप सम्बन्धमा ।

निर्णय: हेटौंडा उपमहानगरपालिकाको आर्थिक वर्ष २०८०/८१ मा सम्झौता पश्चात कार्यान्वन भई विविध कारणले भूक्तानी हुन बाँकी रहेका आयोजनाहरुको म्याद चालू आर्थिक वर्षको २०८१ चैत्र मसान्तसम्म थप गर्ने ।

८) प्रस्ताव: आर्थिक/अनुदान/कार्यक्रम सहयोग सम्बन्धमा ।

निर्णय: हेटौंडा उपमहानगरपालिकामा विभिन्न मितिमा आफ्नो आर्थिक अवस्था कमजोर भई दैनिक जीविकोपार्जन र स्वास्थ्य सम्बन्धी उपचार गर्न असमर्थ भएको विषय उल्लेख गरी वडा कार्यालयको सिफारिस सहित आर्थिक सहयोग माग भई आएका साथै विभिन्न सामाजिक, साँस्कृतिक र खेलकुद सम्बन्धी गतिविधि सञ्चालन सहयोग भएका संलग्नबमोजिमका निवेदनहरु उपर हेटौंडा उपमहानगरपालिका विकास कार्यक्रम सहायता कार्यविधि, २०८० र अन्य प्रचलित कानून बमोजिम देहायबमोजिमको सहयोग उपलब्ध गराउने:

देहाय

| सि.नं. | सहयोग प्राप्त गर्नेको नाम थर/कार्यक्रम | ठेगाना | सहयोग रकम रु. | खर्च व्यहोर्ने शीर्षक |
|---|---|---|---|---|
| १ | चन्द्रलोक प्रतिष्ठान, काठमाडौं नेपाल, विशेष साँस्कृतिक कार्यक्रम सहितको निजामति सेवा सम्मान-२०८१ | काठमाडौं | ५०,०००।०० | विविध कार्यक्रम खर्च (चालु) खर्च शीर्षक नं. २२५२९ |
| २ | श्री दुर्गादेवी पौडेल, श्रीमान राजन अधिकारीको स्वास्थ्य उपचार गर्नको लागि | हेटौंडा-२ | ५०,०००।०० | आर्थिक सहायता दिनदुखी उपचार तथा अन्य सामाजिक खाद्यान्न तथा लत्ताकपडा |
| ३ | श्री तिर्थ कुमारी गुरुङ, छोरी सुस्मित गुरुङको उपचार गर्नको लागि | हेटौंडा-१४ | १,००,०००।०० | आर्थिक सहायता दिनदुखी उपचार तथा अन्य सामाजिक खाद्यान्न तथा लत्ताकपडा |
| ४ | श्री प्रतिमा अधिकारीलाई बोन म्यारो ट्रान्सफर गर्नको लागि | हेटौंडा-१० | १,००,०००।०० | आर्थिक सहायता दिनदुखी उपचार तथा अन्य सामाजिक खाद्यान्न तथा लत्ताकपडा |
| ५ | श्री सावित्रि दमाई परियारको उपचार खर्चको लागि | हेटौंडा-१६ | ५०,०००।०० | आर्थिक सहायता दिनदुखी उपचार तथा अन्य सामाजिक खाद्यान्न तथा लत्ताकपडा |

प्रमाणीकरण गर्ने ।
दस्तखत: ..........
नाम: सूर्य प्रसाद गौतम
पद: प्रमुख प्रशासकीय अधिकृत
मिति: ..........